# नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव छनोट तथा सिफारिससम्बन्धी कार्यविधि,२०८३

**स्वीकृत मितिः २०८३।२।११**

प्रस्तावनाः “सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३” को दफा २ को उपदफा (१) बमोजिम नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव पदमुक्त भई रिक्त रहेको पदमा नियुक्तिका लागि सिफारिस गर्न नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा १६क बमोजिम विश्वविद्यालयका कुलपतिबाट सिफारिस समिति गठन भएको, उच्च शिक्षाको क्षेत्रमा अनुभव भएका योग्यतम व्यक्ति खुला प्रतिस्पर्धाको माध्यमबाट छनोट गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्ने भएकाले उम्मेदवार छनोटका विधि, आधार, प्रक्रिया तय गरी उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव सिफारिससम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव छनोट तथा सिफारिस गर्न गठित सिफारिस समितिले आफ्नो कार्य व्यवस्थित गर्न देहायको कार्यविधि बनाई लागु गरेको छ।

**१.<u>सङ्क्षिप्त नाम र प्रारम्भ:</u>**(१) यस कार्यविधिको नाम "नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव छनोट तथा सिफारिससम्बन्धी कार्यविधि,२०८३" रहेको छ ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ भई उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव सिफारिस नहुँदासम्म कायम हुनेछ।

**२.<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमा,-

(क) "उम्मेदवार" भन्नाले नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष वा कुलसचिवको पदका लागि दरखास्त स्वीकृत भएका उम्मेदवार सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ सम्झनु पर्छ ।

(ग) “नजिकका नातेदार” भन्नाले 'पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु आमा, सौतेनी बाबु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाइ, दिदी, बहिनी, ठूलोबाबु, काका, काकी, सानोबाबु, सानीआमा, भतिजा, भतिजी, सासू, ससुरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजू, बुहारी, मामा, माइजू, भान्जा, भान्जी, साला, साली, फुपू, फुपाजु, आमाजू, भदा, भदै, भिनाजु, ज्वाइँ, जेठान सम्झनु पर्नेछ।

(घ) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विश्वविद्यालय" भन्नाले नेपाल संस्कृत विश्वविद्यालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा १६क को उपदफा (१) बमोजिमको उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव सिफारिस समिति सम्झनु पर्छ ।

(छ) "संयोजक" भन्नाले विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव छनोट तथा सिफारिस समितिको संयोजक सम्झनु पर्छ ।

**३.<u>बैठक सम्बन्धी कार्यविधि:</u>**(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको गणपूरक सङ्ख्याको लागि समितिका संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजकसहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ ।

४. **आवश्यक न्यूनतम योग्यता:** (१) यस कार्यविधि बमोजिम विश्वविद्यालयका **उपकुलपति र शिक्षाध्यक्ष** नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट संस्कृत भाषा वा साहित्यमा कम्तीमा विद्यावारिधि उपाधि हासिल गरेको,

(ख) संस्कृत भाषासम्बन्धी प्राज्ञिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सिप र कौशल प्रदर्शन गरेको,

(घ) नेपाली नागरिक भएको,

(ङ) चालिस वर्ष उमेर पुरा भएको,

(च) उच्च नैतिक चरित्र भएको,

(२) यस कार्यविधि बमोजिम विश्वविद्यालयको कुलसचिव नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट संस्कृत भाषा वा साहित्यमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षामा प्राज्ञिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा दश वर्षको अनुभव भएको,

(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सिप र नेतृत्व कौशल प्रदर्शन गरेको,

(घ) नेपाली नागरिक भएको,

(ङ) उच्च नैतिक चरित्र भएको,

**५. सूचना प्रकाशन गर्ने:** (१) विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव नियुक्तिका लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेबसाइटमा **दश** दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीन जनाभन्दा कम व्यक्तिको दरखास्त पेस हुन आएमा समितिले पेस हुन आएका दरखास्त कायमै राखी अन्य इच्छुकलाई दरखास्त पेस गर्न बढीमा पाँच दिनको समयावधि थप गर्न सक्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेस हुन आएका दरखास्त तथा उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त भई स्वीकृत भएका दरखास्तलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्नेछ ।

**६. दरखास्त साथ पेस गर्नुपर्ने कागजात:** (१) उपकुलपति र शिक्षाध्यक्षको लागि न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले दरखास्तसाथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट संस्कृत भाषा वा साहित्यमा कम्तीमा विद्यावारिधि उपाधि हासिल गरेको प्रमाण,

(ख) संस्कृत भाषासम्बन्धी प्राज्ञिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको प्रमाण,

(ग) सुरू नियुक्तिपत्रको प्रतिलिपि,

(घ) प्राध्यापक भए नियुक्ति पत्रको प्रतिलिपि,

(ङ) समकक्ष समीक्षित जर्नल वा न्याङ्क जर्नलमा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(च) बढीमा पाँच हजार शब्दसम्मका नेपाल संस्कृत विश्वविद्यालयसम्बन्धी सोचपत्र र नेपाल संस्कृत विश्वविद्यालयका लागि आफ्नो चार बर्षे रणनीतिक कार्ययोजना।

(यसरी सोचपत्र र कार्ययोजना पेस गर्दा खण्ड "क" मा सोचपत्र र खण्ड "ख" मा कार्ययोजना हुने गरी दुई खण्डमा विभाजन गरेर तयार गर्नु पर्नेछ ।),

(छ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(२) कुलसचिवको लागि न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले दरखास्तसाथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछ:-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट संस्कृत भाषा वा साहित्यमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको प्रमाण,

(ख) उच्च शिक्षामा प्राज्ञिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा दश वर्षको अनुभव भएको प्रमाण,

(ग) विद्यावारिधि गरेको भए सो उपाधिको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सुरू नियुक्तिपत्रको प्रतिलिपि,

(ङ) प्राध्यापक भए नियुक्ति पत्रको प्रतिलिपि

(च) समकक्ष समीक्षित जर्नल वा न्याङ्क जर्नलमा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(छ) बढीमा पाँच हजार शब्दसम्मका नेपाल संस्कृत विश्वविद्यालयसम्बन्धी सोचपत्र र नेपाल संस्कृत विश्वविद्यालयका लागि आफ्नो चार वर्षे रणनीतिक कार्ययोजना ।

(यसरी सोचपत्र र कार्ययोजना पेस गर्दा खण्ड "क" मा सोचपत्र र खण्ड "ख" मा कार्ययोजना हुने गरी दुई खण्डमा विभाजन गरेर तयार गर्नु पर्नेछ ।),

(ज) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(३) उपदफा (१) खण्ड (च) र उपदफा (२) को खण्ड (छ) बमोजिमको नेपाल संस्कृत विश्वविद्यालयको सोचपत्र र चार वर्षे रणनीतिक कार्ययोजना संस्कृत वा नेपालीमा युनिकोडमा १२ फन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक सुरूदेखि अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको सङ्केत वा चिन्ह नरहने गरी पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम उम्मेदवारले पेस गर्नु पर्ने दरखास्तको ढाँचा अनुसूची- १ अनुसार हुनेछ ।

७. **दरखास्त स्वीकृत वा रद्द गर्न सक्ने:**(१) उपकुलपति र शिक्षाध्यक्षको हकमा यस कार्यविधिको दफा ४ को उपदफा (१) तथा दफा ६ को उपदफा (१) र कुलसचिवको हकमा दफा ४ को उपदफा (२) र दफा ६ को उपदफा (२) बमोजिमको योग्यता एवम् प्रक्रिया पुरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेस गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

८. **छनोट विधि:** (१) समितिले उम्मेदवारबाट पेस हुन आएका योग्यता, अनुसन्धानमूलक लेख, विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजनासहितको मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका आधारमा उपलब्ध भएसम्म क्रमशः तीन तीन जना उम्मेदवार छनोट गरी योग्यताक्रमका आधारमा उपकुलपतिको हकमा ऐनको दफा १६ को उपदफा (३), शिक्षाध्यक्षको हकमा ऐनको दफा १७ को उपदफा (१) र कुलसचिवको हकमा ऐनको दफा १८ को उपदफा (१) बमोजिम नियुक्तिका लागि कुलपतिसमक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपकुलपति र शिक्षाध्यक्ष छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाइनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) प्राध्यापक पदको अनुभव,

(ख) समकक्ष समीक्षित जर्नल (पियर रिभ्यूड जर्नल) वा र्‍याङ्क जर्नलमा प्रकाशित अनुसन्धानमूलक लेख,

(ग) विश्वविद्यालयसम्बन्धी सोचपत्र र विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजना,

(घ) खण्ड (ग) बमोजिमको सोचपत्र र कार्ययोजनाको प्रस्तुतीकरण,

(ङ) अन्तर्वार्ता ।

(३) उपदफा (१) बमोजिमको कुलसचिव छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाइनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) विद्यावारिधि शैक्षिक उपाधि,

(ख) समकक्ष समीक्षित जर्नल (पियर रिभ्यूड जर्नल) वा र्‍याङ्क जर्नलमा प्रकाशित अनुसन्धानमूलक लेख,

(ग) विश्वविद्यालयसम्बन्धी सोचपत्र र विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजनाको मूल्याङ्कन,

(घ) खण्ड (ग) बमोजिमको सोचपत्र र कार्ययोजनाको प्रस्तुतीकरण,

(ङ) अन्तर्वार्ता ।

(४) उपदफा (२) र (३) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार उपकुलपति र शिक्षाध्यक्षको हकमा अनुसूची-२ र कुलसचिवको हकमा अनुसूची -३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

९. **छनोटको चरण:** (१) यस कार्यविधिको दफा ८ को उपदफा (२) को खण्ड (क),(ख) र (ग) बमोजिम र उपदफा (३) को खण्ड (क), (ख) र (ग) बमोजिमको मूल्याङ्कनको आधारमा जम्मा प्राप्ताङ्क कायम गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई क्रमशः उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिवको सङ्क्षिप्त सूचीमा राखी प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्क्षिप्त सूची प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म कम्तीमा तीन जनाभन्दा कम नहुने गरी सङ्क्षिप्त सूची तयार गरिनेछ। तर यस्तो सूचीमा सात जनाभन्दा बढी राखिने छैन।

(३) **उप**दफा (२) बमोजिमको सङ्क्षिप्त सूचीमा रहेका उम्मेदवारहरूलाई सार्वजनिक सूचनामार्फत पाँच दिनको समय दिई दफा ८ बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ ।

**(४)** विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना एकभन्दा बढी विज्ञबाट मूल्याङ्कन गराउन सकिनेछ र यसरी भएको मूल्याङ्कनमा मूल्याङ्कनकर्ताले प्रदान गरेको अङ्कबाट औसत निकालेर उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ ।

(५) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना मूल्याङ्कनका लागि उम्मेदवारको नाम नखुल्ने गरी समितिको सचिवालयबाट सोचपत्र र कार्ययोजनालाई कोडिङ गरिनेछ।

(६) विश्वविद्यालयको सोचपत्र मूल्याङ्कनको ढाँचा उपकुलपति र शिक्षाध्यक्षको हकमा अनुसूची -४ र कुलसचिवको हकमा अनुसूची - ५ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) विश्वविद्यालयको रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको ढाँचा उपकुलपति र शिक्षाध्यक्षको हकमा अनुसूची - ६ र कुलसचिवको हकमा अनुसूची - ७ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(८) प्रस्तुतीकरण र अन्तर्वार्तामा उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिनेछ।

(९) यस दफा बमोजिम मूल्याङ्कन गरिएका कागजातहरू सिलबन्दी गरी गोप्य रूपमा राखिनेछ ।

**१०. प्रस्तुतीकरण र अन्तर्वार्ता:** (१) दफा ९ को उपदफा (३) बमोजिम आमन्त्रण गरिएका उम्मेदवारलाई मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।

(२) किरिया बस्नु परेको वा बिरामी भई अस्पताल भर्ना भएको कारण निर्धारित मिति र समयमा अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै सम्बन्धित उम्मेदवारले समितिसमक्ष निवेदन गर्न सक्नेछ ।

(३) उपदफा (२) को अवस्था परेको भनी कुनै दरखास्तवालाले समितिसमक्ष निवेदन गरेमा समितिले निवेदन प्राप्त भएको मितिले त्यस्तो उम्मेदवारका लागि दश दिनभित्र प्रस्तुतीकरण र अन्तर्वार्ताको समय निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि समितिले निर्धारित समय बाहेकको अन्य समय उपलब्ध गराउने छैन ।

(५) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा कम अङ्क प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ र त्यसरी भएको मूल्याङ्कनमा बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो बढी वा घटी अङ्क दिएकोमा मात्र प्रदान गरिएको अङ्कलाई मान्यता दिइनेछ। अन्यथा घटीको हकमा चालिस प्रतिशत र बढीको हकमा सत्तरी प्रतिशत अङ्क कायम गरिनेछ।

(६) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औसत अङ्क कायम गरी प्राप्ताङ्क कायम गरिनेछ ।

(७) प्रस्तुतीकरणको मूल्याङ्कनसम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची -८ मा व्यवस्था भए बमोजिम र अन्तर्वार्ताकारले प्रदान गर्ने ढाँचा अनुसूची - ९ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**११. <u>उपसमिति गठन तथा सेवा लिनसक्ने</u>:** (१) समितिले उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि उपसमिति गठन गर्न आवश्यक ठानेमा उपसमिति गठन गर्न वा यससम्बन्धी कार्यका लागि कुनै विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई विश्वविद्यालयको सोचपत्र तथा रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको जिम्मा दिन सक्नेछ ।

(३) समितिले आवश्यक ठानेमा कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरणमा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञका रूपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त व्यक्तिबाट छनोट गर्नु पर्नेछ ।

(५) समितिले आफ्नो कार्यसम्पादनका लागि मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ ।

**१२.<u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने</u>:** (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपति वा शिक्षाध्यक्ष वा कुलसचिवको पदमा दरखास्त पेस गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका अध्यक्ष तथा सदस्यको हकमा सहकुलपतिबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ ।

**१३. <u>नाम सिफारिस</u>:**(१) समितिले सिफारिस गर्दा अपनाएको प्रक्रिया समावेश गरी प्रतिवेदन तयार गर्नेछ र सोसहित उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव पदमा कुलपतिसमक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा प्राप्ताङ्कको आधारमा उपलब्ध भएसम्म उच्चतम अङ्क प्राप्त गर्ने तीन तीन जनाको नाम योग्यताक्रमअनुसार हुने गरी क्रमशः उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिवको लागि सिफारिस गर्नेछ ।

**१४.<u>खर्चसम्बन्धी व्यवस्था</u>:** समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च **विश्वविद्यालयबाट** नियमानुसार भुक्तानी हुनेछ।

**१५.<u>बाधा अड्काउ फुकाउन सक्ने</u>:** समितिले यस कार्यविधिबमोजिम कामकारवाही गर्दा कुनै बाधा अड्चन आइपरेमा त्यस्ता बाधा अड्काउ फुकाउने गरी निर्णय गर्न सक्नेछ र त्यस्तो निर्णय मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

**१५.<u>कागजपत्रको संरक्षण</u>:** समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ ।

**१६.<u>सचिवालय</u>:** समितिको सचिवालय मन्त्रालयको उच्च शिक्षा महाशाखामा रहनेछ ।

## अनुसूची-१

### (दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### दरखास्तको ढाँचा

(यो अनुसूची फारम भरी औँठा छाप लगाइ स्क्यान गरेर अनलाइन लिङ्कमा दिइएको स्थानमा अनिवार्य रूपमा अपलोड गर्नु पर्नेछ।)

श्री संयोजकज्यू,
नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति, शिक्षाध्यक्ष तथा कुलसचिव सिफारिस समिति,
शिक्षा तथा खेलकुद मन्त्रालय,
सिँहदरबार, काठमाडौं।

**विषयः दरखास्त तथा कागजात पेस गरेको सम्बन्धमा।**

नेपाल संस्कृत विश्वविद्यालयका रिक्त उपकुलपति/शिक्षाध्यक्ष/कुलसचिव पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेस गरेको छु। उपकुलपति/शिक्षाध्यक्ष/कुलसचिवको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ।यो दरखास्त पेस गर्दा म कुनै राजनीतिक दलको सदस्य नरहेको, नेपाल संस्कृत विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको, प्लेजरिजम नगरेको र प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नभएको स्वघोषणा गर्दै म उपकुलपति/शिक्षाध्यक्ष/कुलसचिव पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः नेपाल संस्कृत विश्वविद्यालय
२. नियुक्त हुन चाहेको पदः
३. दरखास्त पेस गर्ने व्यक्तिकोः

(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी)ः...............................................................................
ENGLISH BLOCK LETTER ..........................................................................................
हाल कार्यरत संस्थाः..............................पदः ———.
नेपाली नागरिकताको प्रमाण पत्र नं.ः———— जारी मितिः———— जिल्लाः————
स्थायी ठेगानाः——————————————————.
अस्थायी ठेगानाः—————————————————.
जन्म मितिः .....................साल....................... महिना................ गते
सम्पर्क नम्बरः ...................                    इमेलः...................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १ | स्नातकोत्तर | | | | |
| २. | विद्यावारिधि | | | | |

(ग) दश वर्ष अनुभव खुलेको विवरणः

| क्र.स. | पद | विश्वविद्यालय/शिक्षण संस्था | .........देखि | .....सम्म | जम्मा अवधि |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २. | | | | | |
| ... | .... | ... | | | |

(घ) प्राध्यापक पदको अनुभव विवरणः

| क्र.स. | पद | नियुक्ति दिने विश्वविद्यालय/शिक्षण संस्था | नियुक्ति मिति | जम्मा अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राध्यापक | | | | |
| | | | | | |

(ङ) अनुसन्धानमूलक लेख प्रकाशनसम्बन्धी विवरण

Ranked Journals (SCImago/Scopus Journal Ranking) ***

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | कैफियत (SCImago Rank) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*** For SCImago Rank, Visit: http://www.scimagojr.com

Peer-Reviewed Journals

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(छ) संलग्न कागजात तथा विवरणः अनलाइन लिङ्कमा तोकिएका विवरण तथा कागजपत्रहरू प्रमाणित गरी पेस गर्नु पर्नेछ।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |

दस्तखतः
नाम थरः
मितिः
सम्पर्क नम्बरः

**पुनश्चः** आवेदक भ्रष्टाचारजन्य, व्यक्तिगत आचरणसम्बन्धी लगायतका कुनै पनि अभियोग नलागेको सदाचारयुक्त हुनुपर्नेछ । कसैको त्यस प्रकारको उजुरी वा गुनासो प्राप्त भएमा त्यस्ता आवेदनलाई अस्वीकार गर्न बाधा हुनेछैन ।

**अनुसूची-२**
**(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)**
**अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन**

| लेख, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) प्राध्यापक पदमा कार्य अनुभव | १० | मान्यता प्राप्त विश्वविद्यालयमा प्राध्यापक पदमा कार्यानुभव भएको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले अधिकतम १० अङ्क<br>द्रष्टव्यः यसमा पूरा वर्ष नभए अङ्क उपलब्ध हुने छैन। |
| (ख)अनुसन्धानमूलक लेख प्रकाशन | १० | र्‍याङ्क जर्नलमा कुनै विषयमा वा संस्कृत उच्च शिक्षासम्बन्धी नीति, योजना वा कार्यक्रमका क्षेत्रमा अनुसन्धानमूलक लेख वा सन्दर्भ सामग्री प्रकाशन गरे बापत अधिकतम चार वटा लेखको लागि दुई दशमलव पाँच अङ्कका दरले दश अङ्क<br>(१)र्‍याङ्क जर्नलमा कुनै अनुसन्धानात्मक लेख प्रकाशन गरेको अवस्थामा प्रमुख लेखक वा एकल लेखक वा करेस्पोन्डिङ लेखक भए प्रति लेख दुई दशमलव पाँच अङ्क,<br>(२)र्‍याङ्क जर्नलमा सहलेखक भई कुनै अनुसन्धानात्मक लेख प्रकाशन गरेको अवस्थामा प्रति लेख एक दशमलव दुई पाँच अङ्क,<br>(३)र्‍याङ्क जर्नलमा कसैले चारभन्दा कम लेखमा प्रमुख लेखक र अन्यमा सहलेखक भई पेस गरेको अवस्थामा चार लेख पुगुन्जेल अङ्क प्राप्त गर्न सक्नेछ ।<br>नोटः र्‍याङ्क जर्नलको $Q_3$ वा $Q_4$ वा नेपजोल लगायतका समकक्ष समीक्षित जर्नल पियर रिभ्यूड जर्नलमाथि उल्लिखित अङ्कको पचास प्रतिशत अङ्क दिइनेछ। |
| (ग) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) मूल्याङ्कन | २० | (१)विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता-४ अङ्क<br>(२)विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता-४ अङ्क<br>(३)विश्वविद्यालयलाई संस्कृत शिक्षा तथा अनुसन्धानको उत्कृष्ट केन्द्रको रूपमा विकास-४ अङ्क |

| | | |
|---|---|---|
| | | (४)विश्वविद्यालयलाई विश्वको उत्कृष्ट विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति-४ अङ्क<br>(५) विश्वविद्यालयमा मानव संसाधन व्यवस्थापनसम्बन्धी कार्यनीति – ४ अङ्क |
| (घ) विश्वविद्यालयको चार बर्षे रणनीतिक कार्ययोजना मूल्याङ्कन | २० | (१) विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात -४<br>(२) विश्वविद्यालयमा नवप्रवर्तन र रोजगारीसँगको आबद्धता-४<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण -४<br>(४) विश्वविद्यालयलाई सुचारू रूपमा सञ्चालन गर्न रणनैतिक रूपमा अङ्गीकार गर्नु पर्ने क्षेत्रहरूको पहिचान-४<br>(५) विश्वविद्यालयलाई प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउन गर्नु पर्ने कार्यढाँचासहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना -४ |
| (ङ) प्रस्तुतीकरण | २० | विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको प्रस्तुति अनुसूची-८ मा व्यवस्था भए बमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ। बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |
| (च) अन्तर्वार्ता | २० | अन्तर्वार्ता बापत मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ। बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |

## अनुसूची-३

### (दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

### योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) शैक्षिक उपाधि | ५ | मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा सो सरहको शैक्षिक उपाधि प्राप्त गरेको भए ५ अङ्क |
| (ख)अनुसन्धानमूलक लेख प्रकाशन | १० | न्याङ्क जर्नल कुनै विषयमा वा उच्च संस्कृत शिक्षासम्बन्धी नीति, योजना वा कार्यक्रमका क्षेत्रमा अनुसन्धानमूलक लेख वा सन्दर्भ सामग्री प्रकाशन गरे बापत अधिकतम चार वटा लेखको लागि दुई दशमलव पाँच अङ्कका दरले दश अङ्क<br>(१) न्याङ्क जर्नलमा कुनै अनुसन्धानात्मक लेख प्रकाशन गरेको अवस्थामा प्रमुख लेखक वा एकल लेखक वा करेस्पोन्डिङ लेखक भए प्रति लेख दुई दशमलव पाँच अङ्क,<br>(२)न्याङ्क जर्नलमा सहलेखक भई कुनै अनुसन्धानात्मक लेख प्रकाशन गरेको अवस्थामा प्रति लेख एक दशमलव दुई पाँच अङ्क,<br>(३) न्याङ्क जर्नलमा कसैले चारभन्दा कम लेखमा प्रमुख लेखक र अन्यमा सहलेखक भई पेस गरेको अवस्थामा चार लेख पुगुन्जेल अङ्क प्राप्त गर्न सक्नेछ ।<br>नोटः न्याङ्क जर्नलको $Q_3$ वा $Q_4$ वा नेपजोल लगायतका समकक्ष समीक्षित जर्नल (पियर रिभ्यूड जर्नल) माथि उल्लिखित अङ्कको पचास प्रतिशत अङ्क दिइनेछ। |
| (ग) विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन | २५ | (१) विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता-५ अङ्क<br>(२)विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता-५ अङ्क<br>(३)विश्वविद्यालयलाई पारदर्शिता, जवापदेहिता र शैक्षिक उन्नयनमा उत्कृष्ट केन्द्रको रूपमा विकास-५ अङ्क<br>(४)विश्वविद्यालयलाई संस्कृत शिक्षामा उत्कृष्ट विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति-५ अङ्क |

| | | |
|---|---|---|
| | | (५) विश्वविद्यालयमा मानव संसाधन र परीक्षा व्यवस्थापनसम्बन्धी कार्यनीति – ४ अङ्क |
| (घ) विश्वविद्यालयको चार बर्षे रणनीतिक कार्ययोजना मूल्याङ्कन | २० | (१)विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात -४<br>(२) विश्वविद्यालयमा नवप्रवर्तन र रोजगारीसँगको आवद्धता-४<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण -४<br>(४) विश्वविद्यालयलाई सुचारू रूपमा सञ्चालन गर्न रणनैतिक रूपमा अङ्गिकार गर्नु पर्ने व्यवस्थापकीय विषय क्षेत्र पहिचान-४<br>(५) विश्वविद्यालयलाई प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउन गर्नु पर्ने कार्यढाचाँ सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना -४ |
| (ङ) प्रस्तुतीकरण | २० | विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको प्रस्तुती अनुसूची-८ मा व्यवस्था भए बमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ। बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |
| (च) अन्तर्वार्ता | २० | अन्तर्वार्ता बापत मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ। बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |

**अनुसूची-४**

**खण्ड (क)**

**(दफा ९ को उपदफा (५) सँग सम्बन्धित)**

**विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा**

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्ष पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचनाअनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

| **क्र.स.** | **कोड नम्बर** | **मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क (अङ्क २०)** | | | | | **जम्मा प्रासाङ्क अङ्कमा** | **जम्मा प्रासाङ्क अक्षरमा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता (४ अङ्क) | विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता (४ अङ्क) | विश्वविद्यालयलाई प्राज्ञिक तथा अनुसन्धानको उत्कृष्ट केन्द्रको रूपमा विकास ( ४ अङ्क) | विश्वविद्यालयलाई संस्कृत शिक्षामा उत्कृष्ट विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति (४ अङ्क) | विश्वविद्यालयमा मानव संसाधन व्यवस्थापनसम्बन्धी कार्यनीति (४ अङ्क) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः** **नामः** **मितिः**

## अनुसूची-५

### खण्ड (क)
### (दफा ९ को उपदफा (५) सँग सम्बन्धित)
### विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा

नेपाल संस्कृत विश्वविद्यालयको कुलसचिव पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचनाअनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

| क्र.स. | कोड नम्बर | मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क (२५ अङ्क) | | | | | जम्मा प्राप्ताङ्क अङ्कमा | जम्मा प्राप्ताङ्क अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता (५अङ्क) | विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता (५ अङ्क) | विश्वविद्यालयलाई पारदर्शिता, जवाफदेहिता र शैक्षिक उन्नयनमा उत्कृष्ट केन्द्रको रूपमा विकास (५ अङ्क) | विश्वविद्यालयलाई विश्वको उत्कृष्ट विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति (५ अङ्क) | विश्वविद्यालयलाई प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउन गर्नु पर्ने कार्यढाँचासहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना (५ अङ्क) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः** **नामः** **मितिः**

**अनुसूची-६**

**खण्ड (ख)**

**(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)**

**विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कन ढाँचा**

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्ष पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

| **क्र.स.** | **कोड नम्बर** | **मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क (२० अङ्क)** | | | | | **जम्मा प्राप्ताङ्क अङ्कमा** | **जम्मा प्राप्ताङ्क अक्षरमा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात (४ अङ्क) | विश्वविद्यालयमा नवप्रवर्तन र रोजगारीसँगको अन्तरआबद्धता (४ अङ्क) | विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण (४ अङ्क) | विश्वविद्यालयलाई सुचारू रूपमा सञ्चालन गर्न रणनैतिक रूपमा अङ्गीकार गर्नु पर्ने क्षेत्रहरूको पहिचान (४ अङ्क) | विश्वविद्यालयलाई प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउन गर्नु पर्ने कार्यढाँचासहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना (४ अङ्क) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः** **नामः** **मितिः**

## अनुसूची-७
## खण्ड (ख)
## (दफा ९ को उपदफा (६) सँग सम्बन्धित)
## विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कन ढाँचा

नेपाल संस्कृत विश्वविद्यालयको कुलसचिव पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

| क्र.सं. | कोड नम्बर | मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क (२०) | | | | | जम्मा प्रासाङ्क अङ्कमा | जम्मा प्रासाङ्क अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात (४ अङ्क) | विश्वविद्यालयमा नवप्रवर्तन र रोजगारीसँगको अन्तरआवद्धता (४ अङ्क) | विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण (४ अङ्क) | विश्वविद्यालयलाई सुचारू रूपमा सञ्चालन गर्न रणनैतिक रूपमा अङ्गीकार गर्नु पर्ने व्यवस्थापकीय विषय क्षेत्र पहिचान (४ अङ्क) | कुलसचिवको कार्यविवरणअनुसार ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना (४ अङ्क) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः** **नामः** **मितिः**

**अनुसूची-८**
**(दफा १० को उपदफा (७) सँग सम्बन्धित)**
**सोचपत्र र कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन ढाँचा**

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति वा शिक्षाध्यक्ष वा कुलसचिव पदको लागि मिति २०८३।--।-- गते सिफारिस समितिबाट प्रकाशित सूचनाअनुसार यस शिक्षा तथा खेलकुद मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिई सङ्क्षिप्त सूचीमा रहेका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र रणनीतिक कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

**उम्मेदवारको नामः** **पदः**

| **क्र.** | **मूल्याङ्कनको आधारहरु** | **पूर्णाङ्क (२०)** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | ३ | | |
| २. | विश्वविद्यालयसम्बन्धी विषयवस्तुको पूर्णता र संस्कृतको ज्ञान | ४ | | |
| ३. | सोचपत्रमा सम्मिलित विषयवस्तुको जानकारी | ४ | | |
| ४ | कार्ययोजना बारेको ज्ञान र कार्यान्वयन ढाँचामा स्पष्टता | ४ | | |
| ५. | तार्किक तथा विश्लेषणात्मक क्षमता | ४ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| कुल अङ्क | | अङ्कमाः | | |
| | | अक्षरमाः | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**
**नामः**
**पदः**
**मितिः**

**अनुसूची-९**

**(दफा १० को उपदफा (७) सँग सम्बन्धित)**

**अन्तर्वार्ताको मूल्याङ्कन ढाँचा**

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति वा शिक्षाध्यक्ष वा कुलसचिव पदको लागि सिफारिस समितिबाट मिति २०८३।--।-- गते प्रकाशित सूचनाअनुसार यस शिक्षा तथा खेलकुद मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिइ सङ्क्षिप्त सूचीमा परेका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

**आवेदकको नामः** **पदः**

| **क्र.** | **मूल्याङ्कनका आधारहरू** | **पूर्णाङ्क (२०)** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | २ | | |
| २. | विषयवस्तुको ज्ञान (सम्बन्धित ऐन कानुनसमेत) | ६ | | |
| ३. | नेतृत्व क्षमता | ३ | | |
| ४ | समस्या र समाधान गर्ने क्षमता | ३ | | |
| ३. | विश्लेषणात्मक क्षमता | ५ | | |
| ४. | समय व्यवस्थापन | १ | | |
| | कुल अङ्क | अङ्कमाः | | |
| | | अक्षरमाः | | |

**अन्तर्वार्ताकारको हस्ताक्षरः**

**नामः** **पदः** **मितिः**